ग्राफीक डिजाइन, फ्लेक्स बोर्ड, स्क्रीन प्रिन्ट, कलर प्रिन्ट, बुक सेटिङ्ग तथा छपाई, बाइन्डिङ्ग, टाईपिङ्ग, क्यालेण्डर छपाई, परिचय-पत्र भिजिटिङ्ग कार्ड, विवाह कार्ड, सेल्फ छाप, नाइलन छाप बनाइनु साथै छपाई सम्बन्धि सम्पूर्ण कार्य गरिन्छ।
एडी
कम्प्युटर एण्ड स्क्रीन प्रिन्ट
एल.एन.चौक
(त्रिनगर स्कुल गेट अगाडि)
मो.नं.: ९८४८४५५०८३

नेपाली राष्ट्रिय दैनिक

# धनगढी पोष्ट

www.dhangadhipostnews.com

यो ठाउँ विज्ञापनको लागि खाली छ।

हानिकारक हुनसक्छ ऋणीलाई मात्र खेद्ने अभ्यास ②
नारी साहित्य सम्मेलन उद्घाटन प्रधानमन्त्रीले गर्ने ③
प्रयोग विहीन बन्दै चिण्डो ④

वर्ष २१ अंक २०६ वि.सं. २०७९ चैत ६ गते सोमबार (Mar. 20 Monday 2023) मुल्य रु. ४/- पेज -४

स्ववियु निर्वाचन

# सुदूरपश्चिमका ३४ क्याम्पसमा स्ववियु निर्वाचन

**पोष्ट संवाददाता**

धनगढी । त्रिभुवन विश्वविद्यालय (त्रिवि) अन्तर्गतका सामुदायिक तथा आङ्गिक क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनको मतदान भइरहेको छ। सुदूरपश्चिम प्रदेशका नौ जिल्लामा रहेका ३४ क्याम्पसमा तोकिएकै समयमा बिहान ८ बजेदेखि मतदान सुरु भएको हो ।

सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयले दिएको जानकारी अनुसार कैलालीका १०, कञ्चनपुरमा ६, डोटीमा २, अछाममा २, डडेल्धुरा १ बझाङ ५ र दार्चुलाका ४ क्याम्पसमा शान्तिपूर्ण वातावरणमा उत्साहजनक उपस्थितिमा मतदान भएको हो। कञ्चनपुरको दानेश्वरहरी बहुमुखी क्याम्पस, बझाङको त्रिवेणी आदर्श बहुमुखी क्याम्पस र दार्चुलाको गोकुलेश्वर बहुमुखी क्याम्पसमा यस अघि नै निर्विरोध निर्वाचन भएको थियो ।

सुदूरपश्चिम प्रदेशमा त्रिभुवन विश्वविद्यालय र सुदूरपश्चिम विश्वविद्यालय अन्तर्गतका २ सय २५ क्याम्पसमा स्ववियु निर्वाचन भएको छैन। चुनाव स्थगित हुनेमा अछाम ५, कैलाली २, बैतडी ३, कञ्चनपुर ९, डोटी १, दार्चुला १, बझाङ १ र बाजुरा ४ क्याम्पस रहेका छन् । त्रिभुवन विश्वविद्यालयले सार्वजनिक गरेको स्ववियु निर्वाचनको कार्यतालिका अनुसार चैत्र ५ गते बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म मतदान समय रहेको थियो । रहेको छ । सुदूरपश्चिममा सबैभन्दा बढी विद्यार्थी सङ्ख्या रहेको घोडाघोडी बहुमुखी क्याम्पसमा पाँचवटा सङ्घ सङ्गठन र दुई स्वतन्त्र उम्मेदवार छन्।

## कुन क्याम्पसमा कस्ले जित्यो

**मोहन्याल क्याम्पसमा अखिल क्रान्तिकारी निर्वाचित**

धनगढी । कैलालीको मोहन्याल बहुमुखी क्याम्पसमा माओवादी निकट विद्यार्थी सङ्गठन अखिल क्रान्तिकारीका अर्जुन खत्री विजयी भएका छन्। उनले २५ मत पाए। नेपाल विद्यार्थी सङ्घका वीरेन्द्र भण्डारीको २४ मत पाएका थिए। भण्डारी भन्दा १ मत बढि पाएर खत्री विजयी भएका हुन्।

एमाले निकट विद्यार्थी संगठन अनेरास्ववियुका सुनिल कुमार चौधरीले १४ मत पाएका थिए। सचिवमा नेविसंघका ज्ञानबहादुर खातीले २४ मत पाएर विजयी हुँदा कोषाध्यक्षमा अखिल क्रान्तिकारीकी कुमारी चौधरीले २८ मत पाएर विजयी भएकी हुन्।

**रामपुर क्याम्पसमा अखिल क्रान्तिकारीको प्यानल विजयी**

धनगढी। कञ्चनपुरको बेलौरी स्थित रामपुर बहुमुखी क्याम्पसमा माओवादी निकट अखिल क्रान्तिकारीको प्यानल विजय भएको छ । आइतबार सम्पन्न स्ववियु चुनावको मतदानमा १५ मत सहित अखिल क्रान्तिकारीकी सरस्वती तिरुवा सभापतिमा विजय भएकी हुन ।

उनकी निकटतम प्रतिद्वन्द्वी नेपाली काङ्ग्रेस निकट नेपाल विद्यार्थी सङ्घका उम्मेदवार धानिराम चौधरीले ५ र नेकपा एमाले निकट विद्यार्थी सङ्गठन अनेरास्ववियुकी विमला रेग्मीले ४ मत पाइन् ।उक्त क्याम्पसमा ३१ जना विद्यार्थी मतदाता थिए। चुनावमा २५ मत खसेकोमा एक मत बदर भएको छ।

**नवप्रभातमा अनेरास्ववियुको प्यानल विजयी**

धनगढी । बैतडीको पञ्चेश्वर गाउँपालिका कुलाउस्थित नवप्रभात संयुक्त क्याम्पसको स्ववियु सभापतिमा अनेरास्ववियुकी रेखा घटाल प्यानलसहित विजयी भएकी छन्। उनले अखिल क्रान्तिकारीकी कविता चन्दलाई ११ मतले पराजित गरिन्।

घटालले ७१ मत ल्याइन् भने चन्दले ६० मत ल्याइन् । सो क्याम्पसमा नेविसंघ र अखिल क्रान्तिकारी संयुक्त रुपमा चुनाव लडेका थिए । अनेरास्ववियु एक्लै चुनाव लडेको थियो ।

यस्तै सचिवमा अनेरास्ववियुकी अहिल्या ठकुराठी, कोषाध्यक्षमा अनेरास्ववियुकै गीता घटाल र सदस्यहरुमा अनेरास्ववियुकै सावित्री जोशी, पूजा रावत र आसा साउँद विजयी भएका छन्।

**श्रीकोटमा अनेरास्ववियुको प्यानल विजयी**

धनगढी। बैतडीको श्रीकोट बहुमुखी क्याम्पसको स्ववियु सभापतिमा अनेरास्ववियुका शम्भुराज गिरी प्यानल सहित विजयी भएका छन्। गिरीले ९२ मत पाए भने उनका निकटतम् प्रतिस्पर्धी अखिल क्रान्तिकारीका लोकबहादुर कार्कीले ६३ मत मात्रै पाए।

सचिवमा अनेरास्ववियुकै रमेश भट्ट ९६ मत ल्याएर विजयी भएका छन् उनका निकटतम् प्रतिस्पर्धी नेविसंघका द्रोपती भट्टले ५४ मत पाइन् । यस्तै कोषाध्यक्षमा अनेरास्ववियुकै सुनिता जोशी विजयी भएकी छन् । सदस्यमा अनेरास्ववियुका उमेश भट्ट, पुष्पा कार्की र सिर्जना लुहार विजयी भएका निर्वाचन समिति संयोजक धनबहादुर खातीले बताए।

श्रीकोट बहुमुखी क्याम्पसमा २ सय १० जना विद्यार्थी मतदाता रहेकोमा १ सय ६० मत खसेको थियो। सो क्याम्पसमा नेविसंघ र अखिल क्रान्तिकारीले संयुक्त प्यानल बनाएर चुनाव लडेका थिए भने अनेरस्ववियु एक्लै चुनावी मैदानमा उत्रेको थियो।

समानुपातिक तर्फ पनि तीनजना अनेरास्ववियुका उम्मेदवार विजयी भएका छन् भने नेविसंघ र अखिल क्रान्तिकारीका एक/एक जना विजयी भएका निर्वाचन समिति संयोजक खातीले बताए।

**सेटीगाउँ क्याम्पसमा अखिल क्रान्तिकारी निर्वाचित**

धनगढी । बैतडीको डिलाशैनी गाउँपालिका ६ स्थित सेटीगाउँ बहुमुखी क्याम्पसको स्ववियु सभापतिमा अनेरास्ववियु क्रान्तिकारीका मोहन बोहरा निर्वाचित भएका छन्।

बोहराले १ सय २ मत पाए भने उनका निकटतम् प्रतिस्पर्धी नेविसंघका मदन नाथले ६२ मत प्राप्त गरे। सो क्याम्पसमा अनेरास्ववियु र अखिल क्रान्तिकारी संयुक्त रुपमा चुनाव लडेका थिए। नेविसंघ एक्लै चुनावी मैदानमा (बाँकी ३पेजमा)

# बझाङका कुन क्याम्पसमा को भए निर्वाचित ?

**पोष्ट संवाददाता**

धनगढी । त्रिभुवन विश्वविद्यालय (त्रिवि) अर्न्तगतका सामुदायिक तथा आंगिक क्याम्पसमा आइतबार सम्पन्न भएको स्ववियु निर्वाचन अन्तरगत बझाङका ५ वटा क्याम्पसमा निर्वाचन भएको छ।

निर्वाचन सम्पन्न भएका क्याम्पस मध्य सेति क्याम्पस बगडगाउँमा अनेरास्ववियुको प्यानल नै विजयी भएको छ । स्ववियु सभापतिमा अनेरास्ववियुका लक्ष्मण त्यसैगरी सचिवमा अनेरास्ववियू एस की जेनी भण्डारी विजयी भएकी छन् । त्यसैगरी कोषाध्यक्षमा अनेरास्ववियुका कल्पना जोशी निर्वाचित भइन्।

बझाङको खप्तडछान्ना- ५ मा रहेका खापरदेव क्याम्पस कालुखेतीमा नेविसंघको प्यानल नै विजयी भएको छ। खापरदेवमा नेविसंघ की सर्मिला कुमारी खत्रीले विजयी भइन् । त्यसैगरी सचिवमा अनेरास्ववियू क्रान्तिकारीकी गिता रोकाया र कोषाध्यक्षमा नेविसंघ की सर्मिला कुमारी जोशी निर्वाचित भएकिछन्।

यसैगरी बझाङको उता थलारा क्याम्पसमा मिश्रित परिणाम आएको छ । थलारा क्याम्पसमा अनेरास्ववियुका महेश जेठारा स्ववियु सभापतिमा निर्वाचित भएका छन् भने, सचिवमा नेविसंघका दिपेश सर्मा तथा कोषाध्यक्षमा (बाँकी३पेजमा)

# अत्तरियामा दुई बालबालिका अलपत्र

**पोष्ट संवाददाता**

धनगढी । अत्तरिया स्थित होटेलमा दुई बालबालिकालाई राखेर बसेकी आमा हराउँदा बालबालिका अलपत्र परेका छन्।

भारतबाट नेपाल आएकी बझाङको खप्तड छान्ना गाउँपालिकाकी सरिता गिरी शनिबार देखि वेपत्ता भएपछि उनका ६ बर्षिया छोरी र ४ बर्षिया छोरा अलपत्र परेका इलाका प्रहरी कार्यालय अत्तरियाले जनाएको छ।

इलाका प्रहरी कार्यालय मालाखेतीका प्रमुख प्रहरी नायब उपरीक्षक गणेश बरालका अनुसार बालबालिका अलपत्र परेको खबर पछि शनिबार साँझ दुवै जनालाई उद्धार गरी सेभहाउसमा राखिएको छ। आमाको नाम सरिता गिरी र बुवाको नाम गणेश गिरी बताउने उनीहरु आमासँगै भारतबाट आएको खुलेको प्रहरी नायव उपरिक्षक बरालले बताए।




# डोटी क्याम्पसमा मतदान स्थगित

**पोष्ट संवाददाता**

धनगढी। स्ववियु निर्वाचन अन्तर्गत डोटी क्याम्पसमा भइरहेको मतदान प्रक्रिया रोकिएको छ । फर्जीमत खसालेको भन्दै विद्यार्थीहरू आन्दोलित बनेपछि मतदान रोकिएको हो। क्याम्पसको गेटमा विद्यार्थीहरुले मुर्दाबादको नारा लगाइरहेका छन्। आक्रोशित विद्यार्थीहरुले गेट नाघ्ने प्रयास गरिरहेका छन् भने प्रहरीलाई थाम्न निकै सकस भएको छ। विवाद सृजना पछि डोटी क्याम्पसको अवस्था तनावपूर्ण बनेको थियो।

फर्जिमत हालेको भन्दै नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बिप्लप निकट अखिल क्रान्तिकारीका बिद्यार्थीले मतपेटिका समेत तोडफोड गरेको छ। 'मत पेटिकासँगै अन्य सामाग्रीमा पनि क्षति भएको भन्दै निर्वाचन स्थगित गरिएको निर्वाचन(बाँकी ३पेजमा)

बुढिनन्दा नगरपालिकामा कर्फ्यु

# बुढीनन्दा क्याम्पसको निर्वाचिन स्थगित

**पोष्ट संवाददाता**

धनगढी। बाजुरा जिल्लाको बुढिनन्दा नगरपालिका वडा न १ र २ मा कर्फ्यु लगाएको छ । आईतबार दिउसाँ (स्ववियु) निर्वाचनका क्रममा स्थिति तनावग्रस्त हुदाँ रातिको समयमा थप घटना घट्न सक्ने भन्दै कर्फ्यु लगाएको जिल्ला प्रहरी प्रमुख कबिन्द्रसिहं बोहराले बताएका छन। बुढिन्नदा नगरपालिका १ र २ मा आइतबार राति ७ बजे देखि आज बिहान ७ बजेसम्मका लागि कर्फ्यु लगाएको जिल्ला प्रहरी कार्यालय बाजुराले जनाएको छ।



बाजुराको बुढिनन्दा क्याम्पसमा आइतबार दिउसो दुई बिध्यार्थि संगठन बिच झडप प्रहरीले २४ राउण्ड हवाई फाएर गरेको थियो। झडपले ठुलो रूप लिन खोज्दा नेपाल प्रहरीले अश्रु ग्यास र २४ राउन्ड हवाई फाएर गरेर भिड नियन्त्रण गरेको जिल्ला प्रहरी कार्यालय बाजुराले जनाएको छ। हवाई फाईर पछि पुन संचालन भएको मतदान केही वेरमै स्थगित भएको थियो।

नेविसंघ लगायतको गठबन्धनका बिध्यार्थीहरूले खुकुरी देखाउदै निर्वचान भाड्न खोज्दा भिडले उग्ररूप लिएपछि प्रहरीले हवाई फाएर गरेको प्रहरी प्रमुख बोहराले बताए । अहिले सम्म ४ सय १२ मतदाता रहेको बुढिन्नदा क्याम्पसमा २सय ५३ मत खसेको जनाएको छ। पुन मतदानका लागि सयुक्त गठबन्धन र अनेरास्ववियु बिच बैठक बसिरहेको क्याम्पसले जनाएको छ । त्रिभुवन विश्वविद्यालयले चैत ५ गते आइतबारका लागि तय गरेको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को बाजुराको बुढिन्नदा क्याम्पसमा मतदान सुरू भए देखि पटक पटक स्थगित हुँदै सुरू गर्दै आएको र १२ बजेपछि भिड नियन्त्रण गर्न समस्या भएपछि प्रहरीले अश्रुग्यास र हवाई फाएर गरिएको प्रहरीले जनाएको छ। बुढिन्नदा क्याम्पसका ४ सय १२ जना मतदाता रहेका छन। ३ बजेपछि मतदान रोकिएको छ।

# दंत दिवसका अवसरमा गौरिशंकर डेन्टलमा निशुल्क परिक्षण

**पोष्ट संवाददाता**

धनगढी । दंत दिवसरको अवसर पारेर धनगढी स्थित हिमालयन गौरिशंकर डेन्टल क्लिनिकले आज (सोमबार) दाँत तथा मुख सम्बन्धी समस्याको निशुल्क स्वास्थय परिक्षण तथा स्वास्थ्य परामर्श दिने भएको छ ।

आज (सोमबार पर्ने) दंत दिवसको अवसरमा दाँत सम्बन्धी हुने समस्याको निशुल्क परिक्षण गरिनुका साथै स्वास्थ्य परामर्श दिइने हिमालयन डेन्टल क्लिनिकका सञ्चालक डा. रतन एसकेले बताए ।

दिवसको सार्थकतालाई महत्व दिन र समाजिक उत्तर दाइत्व बहन गर्न आज दिनभरीनै निशुल्क दंत परिक्षण तथा स्वास्थय परामर्श सेवा प्रदान गरिने उनले बताए । उनका अनुसार आज गौरिशंकर डेन्टलमा आउने दाँत तथा मुख सम्बन्धी समस्या भएका विरामीको निशुल्क एक्सरे गरिने छ, भने अन्य स्वास्थ्य समस्या सम्बन्धी निशुल्क परामर्श पनि उपलब्ध गराइने छ ।

सुदूरपशिचममा अहिले दंत सम्बन्धी सम्पुर्ण उपचार हुने गरेको छ । 'क्यान्सर बाहेक दाँत तथा मुख सम्बन्धी समस्याको सवै उपचार सुदूरपश्चिममै हुने गरेको छ,' एसकेले भने, 'दाँतमा क्यान्सर भएका विरामीलाई पनि उपचारका लागि सहजिकरण गर्ने गरेका छौं, जसका कारण अहिले दंत सम्बन्धी ठुलो समस्या छैन ।'

सुदूरपश्चिमका मानिसमा दाँतको रेखदेश गर्ने र समयमै उपचार गर्ने क्रम पछिल्लो समय बढेको छ । तर अझैपनि विकट क्षेत्रका नागरिकले सामान्य समस्यालाई लापवाही गर्ने र जटिल समस्या भएपछि मात्रै उपचारका लागि आउने गरेका कारण त्यसतो अवस्थामा उपचार विधि पनि झण्झटिलो हुने गरेको उनले बताए ।

डा. एसकेका अनुसार पछिललो समस्या मुख भित्र घाउ हुने समस्या पनि बढी हुने गरेको छ । तर धेरै मानिसले सामान्य घाउ आफै निकोहुन्छ भन्ने धारणा बनाएर लापर्वाही गर्ने गरेको र त्यसले मुख सम्बन्धी जटिल समस्या हुने गरेको उनले बताए । सामान्य समस्या हुने विक्तिकै स्वास्थय संस्थामा आएको अवस्थामा त्यसले धेरै दुःख नदिने र सामान्य खर्चमै समस्या समाधान हुन सक्दछ,' डाक्टर एसकेले भने, 'तर त्यही समस्यालाई लापवाही गरेर बस्दा पछि मुखको समस्या जटिल बन्ने र धेरै पैसा खर्च हुने गरेको देखिन्छ, यस तर्फ नागरिकले सचेत हुन जरुरी छ ।'

# अनियमित बिद्युत कटौतिले उपभोक्ता मारमा

**पोष्ट संवाददाता**

धनगढी । बैतडीको पुर्चौंडीमा विद्युत सेवा अनियमित हुँदा उपभोक्ता समस्यामा परेका छन्। नगरपालिकाको केहि भूभागमा विद्युत विस्तार भएपनि अनियमित हुने गरेकाले उपभोक्ता समस्यामा परेका हुन् ।

विद्युत अनियमितहुँदा समस्या हुने गरेको स्थानीय उत्तम कुँवरले बताए। घरमा बिजुली लगाएको भएपनि चाहिने बेलाकुनै दिन उपभोग गर्न नपाएको उनले बताए । बेला बेला लाइनमा समस्या आउने भएका कारण यहाँका नागरिकहरु हैरान भएका उनले बताए । कुनै बेला विद्युत लाइनमा समस्या आएपछि एक साता सम्म बिजुली बत्ती नआउने गरेको उनको भनाई छ ।

चमेलिया जलविद्युत आयोजनाबाट खिचिएको राष्ट्रिय प्रसारणको लाइनमा समस्या आइराख्ने हुँदा उपभोक्ता आजित छन् । विद्युत अनियमितताका कारण मोबाइल चार्ज गर्न र अन्य विद्युतिय उपकरण सञ्चालन गर्न पनि समस्या हुने गरेको स्थानीय अम्मर राज जोशीले बताए ।

विद्युत सेवा अवरुद्ध भइरहने भएकाले यहाँका कार्यालयहरुमा कार्य सम्पादन गर्न पनि समस्या हुने गरेको उनले बताए । राष्ट्रिय प्रसारण लाइन पुगेको **(बाँकी३पेजमा)**

# प्रयोग विहीन बन्दै चिण्डो

**पोष्ट संवाददाता**

धनगढी । तरकारीको विउ तथा अन्य सामग्री राख्न प्रयोगमा ल्याउने गरिएको चिण्डो पछिल्लो समय भने प्रयोगबिहीन बनेको छ ।

बैतडीका नागरिकहरुले विभिन्न सरसामान राख्न प्रयोग गर्ने चिण्डो पछिल्लो समय प्रयोगमा आउन छाडेको हो। अहिले पलास्टिकजन्य भाँडाकुँडाहरु बढी प्रयोग हुन थालेपछि नागरिकहरुले चिण्डो प्रयोग गर्न छाडेका हुन् ।

पुर्चौंडीका ठगि धानुक काँधमा कट्टा र हातमा चिण्डो लिएर उकालि चढ्दै थिए । गाडीको ढोकाबाट उनले बोकेको चिण्डो र काँधमा रहेको कट्टा देखेर उनी संग कुरा गर्ने मन लाग्यो । गाडी रोक्दा उनी पनि रोकिए । उनी संग भलाकुशारी भयो । उनले हातमा बोकेको चिण्डो बारे बताए ।

हजुर बुवाको पाला देखिको चिण्डो उनले सम्हालेर राखेका रहेछन् । उनले त्यो चिण्डोमा तम्बाखुका लागि उखु पेलेर बनाएको खुदो राख्दा रहेछन । यसका साथै घरमा पनि चिण्डोमा गहत, मुसुर, मास, केराउ लगायतका दालहरु राख्दा रहेछन् । 'अहिले यसको प्रयोग कोही गर्दैन्न तर यो राम्रो हुन्छ, यसमा राखेको अमिलो पदार्थ चुख, गुलियो पदार्थ (उखु पेलेर बनाईने खुदो) लगायतका अन्य दालजन्य सामानहरु पनि ताजकि रहन्छन 'उनले भने ।

उमेरले जीवनको उत्तरार्धतिर पुगिसकेका धानुकले यसको प्रयोग घट्दा चिन्ता व्यक्त गरे । 'अहिलेको युवा पुस्ताले यसको प्रयोग गर्दैन्न, पलास्टिकका भाँडाकुँडा ल्याउछन, सानो तिनो सामान हामी त यसमा राख्थ्यौं, उनले भने । खर्च गरेर अहिले पलास्टिकका भाँडाकुँडा प्रयोग भएका कारण हाम्रा वरिपरिका सम्भावना र प्रयोगमा आउने साधनको खोजिनै नभएको उनले बताए ।

अहिले त सबै जनाले यसको प्रयोग गर्न लगभग छाडिसकेको उनको भनाइ थियो । 'सानोतिनो सामान राख्न प्रयोग हुने भाँडाकुँडा खरिदमै धेरै खर्च हुन्छ अहिले, त्यो बेलाका मान्छे यस्ता चिण्डो जस्ता साधनहरुमा सामान राख्थे पैंसा पनि बचत हुन्थ्यो, अहिले त खर्च बढि छ, जमाना बदलियो, पुराना चालचलन, रितिसंस्कृति हराए कसलाई के भन्ने,उनले भने ।

पछिल्लो समय मानव जीवन सहजता खोजि रहेको छ । पाश्चात्य जगतको संस्कृति सहर देखि गाउँघर सम्म प्रवेश गर्दै गएपछि अहिले छेउछाउ भएका चिजवस्तु प्रयोगमा आउन छाडेका छन् । हामिहरु आफू वरिपरिका सम्भावनाहरुलाई पनि लत्याएर पाश्चात्य जगतको संस्कृति अंगाल्न अग्रसर भएका स्थानीय नरेन्द्र विष्टले बताए। पुर्खाहरुले प्रयोग गर्ने कतिपय चिजवस्तुहरु लाई पनि चिन्न छोडिसकेका उनले बताए । '

हजुरबुवाहरुलाई चिण्डाको महत्व थाहा थियो हामी अनभिज्ञ छौं, कोइ जानि जानि त, कोइ अनजानमा फेरिएको जमाना संग दौडि रहेका छौं, उनले भने। हजुरबुवाले प्रयोग गर्ने चिण्डाले धेरै खर्च बचाएको थियो । हामी पलास्टिकजन्य भाँडाकुँडाहरु प्रयोग गरेर खर्च बढाई रहेका छौं। हजुरबुवाले आफ्नो आगनको वृक्ष बेलिमा लागेको चिण्डोको यति सदुपयोग गरे जसले उनलाइ खर्चको भार परेन, हामी तिनै सम्भावनालाई कुल्चिएर पलास्टिक प्रयोग गरि रहेका छौं र व्ययभार थपिरहेका छौं ।

# प्रदेश उद्योग वाणिज्य महासंघमा दोहोरिए पदाधिकारी

**पोष्ट संवाददाता**

धनगढी । नेपाल उद्योग वाणिज्य महासंघ सुदुरपश्चिम प्रदेशमा पुनः अध्यक्षमा शंकर बोगटीसहित सबै पदमा सर्वसम्मत निर्विरोध चयन भएका छन्। महासंघको सुदुरपश्चिम प्रदेश अध्यक्षमा बोगटी लगायत सम्पूर्ण पदमा सर्बसम्मत पुरानै टीम निर्विरोध चयन भएका हुन्। अध्यक्ष बोगटीको महासंघमा यो तेस्रो कार्यकालका रहेको छ ।

महासंघको प्रदेश अध्यक्षमा शंकर बोगटी, उपाध्यक्षमा मदन राज पन्त, उपाध्यक्षमा कंचनपुरका अनिल कुमार भुजानिया, कोसाध्यक्ष्यमा कैलालीबाट लालमनी पन्त सर्वसम्मत शनिवार चयन भएका छन् । यस्तै सदस्यहरुमा बासुदेब गौतम, डोटी, कृष्ण बहादुर तामांग, पुनर्वास, सन्तोष खड्का, टीकापुर, कृष्ण कुँवर,अछाम, लोकराज भट्ट नाटा सुदुरपश्चिम, शंकर बहादुर खड्का, धनगढीबाट सर्वसम्मत चयन भएका हुन् ।


## VACANCY ANNOUNCEMENT

Nandina's Academy, a reputed English medium high school in Dhangadhi announces vacancies for the following posts:

1. Mathematics Teacher-1
2. Science Teacher-1
3. English Teacher-1
4. Social Teacher -1

**Minimum Qualifications**

- Bachelor/master degree in respective subject.
- Fluency in spoken and written English.

**Facilities:**

- Attractive salary for experienced and qualified personalities.
- Festival bonus.
- Lunch & snacks.
- Scholarship/discount to staff's child.
- On the job training.

**Mode of selection:** Class observation and interviews.

**Documents to be submitted along with application:**

I. Latest CV
II. A scan copy of citizenship.
III. Copies of testimonials

**Application charges:** There is no any charge for application.

**Note:**

- The school management reserves the right to the final selection.
- We are also encouraging to fresh candidates with good knowledge/command in respective subject.
- Candidates will be assigned job from Baishak, 2080.

**Interested candidates may apply to nandinas.dhangadhi@gmail.com**

**Last date of submission: 20th Chitra, 2079**

**Admissions open for:**
1. Play Group to Grade 9
2. Montessori Training (3 months)
Interested person may contact @ 9858477580/9858477880

**Nandina's Academy**
Jagadamba Tole, Hasanpur, Dhangadh-5, Kailali
Contact no: +977-91-520365/527327
Mobile: 9858477880



## निसर्ग हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.

सुदूरपश्चिम प्रदेशको पहिलो अत्याधुनिक सुविधा सम्पन्न हस्पिटल

### उपलब्ध विशेषज्ञ सेवाहरु...

**नवजात शिशु तथा बालरोग सेवा**

नवजात शिशु तथा बालरोग विशेषज्ञ डाक्टर द्वारा बच्चाको ज्वरो, रूघाखोकी, विभिन्न संक्रमण, सम्बन्धि संक्रमण, बच्चामा रक्तचाप, एलर्जी, श्वासप्रस्वास समस्या, सुगर, थाईराईड, जण्डीस, एनिमिया, मोटोपना, दुब्लोपना, मिर्गी वा मुर्छापर्ने समस्या, बच्चाको शारिरिक वृद्धि, विकास, आहार एंव पोषण लगायत विभिन्न खोपहरू सम्बन्धि उपचार तथा परामर्श सेवा ।

**हाडजोर्नी तथा नसा रोग सेवा**

हाडजोर्नी, नसा तथा बाथरोग विशेषज्ञ डाक्टरद्वारा अत्याधुनिक कम्प्यूटर प्रविधिबाट भाँचिएका, मर्केका, जन्मजात बांगाटिंगा भएका हड्डीहरूको उपचार तथा अप्रेशन लगायत हाडजोर्नीको संक्रमण, बाथरोग, यूरिक एसिड, जोर्नी, घुंडा, कांध, कमर, गर्दन दुखाई, हातखुट्टा/जिउ झमझम गर्नेको उपचार साथै शरीरमा राखिएका रड, प्लेट, पिन आदि अप्रेशनबाट झिक्ने सेवा ।

**जनरल मेडिसिन (फिजिसियन) सेवा**

फिजिसियन (जनरल मेडिसिन) डाक्टर द्वारा मुटुरोग, ब्लड प्रेशर, सुगर, पेट, ग्यास्ट्रीक, अल्सर, छाती, दम, कलेजो, कोलेस्ट्रोल, टाईफाईड, थाईराईड, हर्मोन, डेंगु, स्कबटाईफस, सिकलसेल एनिमिया आदिको विशेषज्ञ उपचार सेवा ।

**जनरल तथा दुरबिन बाट अप्रेशन सेवा**

जनरल तथा ल्याप्रोस्कोपीक सर्जन डाक्टर द्वारा दुरवीन प्रविधिबाट पित्तथैलीको पत्थरी,एपेन्डिक्स, हर्निया, हाईड्रोसिल, पाईल्स, फिस्टुला, आन्द्रा बेरिएको/फुटेको, स्तन तथा शरीरका गाँठा-गुठी आदिको उपचार तथा अप्रेशन सेवा ।

**स्त्री तथा प्रसुती रोग सेवा**

स्त्री तथा प्रसुती रोग विशेषज्ञ डाक्टर द्वारा तल्लो पेट दुख्ने, महिनावारी गडबडी, सेतो पानी बग्ने, स्तनको समस्या, बाँझोपन, पाठेघरमा मासु पलाएको, पाठेघरको ट्यूमर, डेलिभरी लगायत आदिको सम्पूर्ण उपचार तथा अप्रेशन सेवा ।

**भिडियो एक्स-रे सेवा**

भिडियो एक्स-रे विशेषज्ञ (रेडियोलोजिष्ट) डाक्टर द्वारा पेट, घांटी, स्तन, पाठेघर, अण्डकोष, टाउको आदीको भिडियो एक्स-रे साथै एक्स-रे, सि.टि. स्क्यानको रिपोर्टीङ्ग सेवा ।

**मानसिक तथा नशा रोग सेवा**

मानसिक रोग विशेषज्ञ डाक्टर द्वारा सोचाई र बिचारमा गडबडी हुनु, मनमा कुरा खेलीरहनु, विनाकारण डर लाग्नु, झर्को लाग्ने, निराश हुने, शंका लाग्ने वा नकारात्मक सोच आउने,आत्महत्याको सोच आउने,मुटु ढुकढुक हुने,टाउको दुख्ने,चिट चिट पसिना आउने,यौन चाहनामा कमी आउने,बेहोस हुने आदी समस्याको उपचार सेवा ।

**मुख, अनुहार तथा बङ्गारा रोग सेवा**

मुख, अनुहार तथा बङ्गारा विशेषज्ञ डाक्टर द्वारा मुख भित्र घाउ खटिराहरू भएको र सुन्निएको,मुख कम खुल्ने,नखुल्ने,खोक्दा आवाज आउने,चपाउदा दुख्ने,अनुहार सुन्निएको,अनुहारमा घाउहरू भएको, अनुहारको प्लास्टिक सर्जरी,बङ्गाराको प्याएक्चर, चोटपटक, सुन्निएको सम्बन्धि उपचार तथा अप्रेसन सेवा ।

**नाक, कान, घाँटी रोग सेवा**

नाक, कान, घाँटी रोग विशेषज्ञ तथा हेड एण्ड नेक सर्जन डाक्टर द्वारा पिनास, नाकमा मासु पलाएको, घाटीको टन्सिल,कान कम सुन्ने,कान नसुन्ने, कानबाट पिप बग्ने समस्याको उपचार तथा अप्रेशन सेवा ।

**छाला, यौन रोग तथा सौन्दर्य सेवा**

छाला, चर्म, यौन तथा सौन्दर्य विशेषज्ञ डाक्टर द्वारा सरीर चिलाउने,पुरानो दाद,कपाल खस्ने,तालु खुइलिने,कुष्ठरोग तथा नशा झमझमाउने, यौनरोगको, उपचार तथा परामर्श सेवा ।

**मृगौला तथा मुत्र रोग सेवा**

मृगौला रोग विशेषज्ञ (नेफ्रोलोजिष्ट) /वरिष्ठमुत्ररोग विशेषज्ञतथा मृगौला शल्य चिकित्सक (युरोलोजिष्ट) डाक्टर द्वारा मृगौला (किड्नी), पिसाबनली, पिसाब थैलीको पत्थरी तथाप्रोष्टेट ग्रन्थी सम्बन्धि सानो प्वालपारी दुरवीन प्रविधि (Mini PCNL) तथा ना चिरफाड (Endoscopic) विशेषज्ञ उपचार तथा अप्रेशन सेवा ।

**न्युरो तथा मस्तिस्क रोग सेवा**

न्युरो फिजिसियन तथा न्युरो सर्जन विशेषज्ञ डाक्टर द्वारा टाउको दुख्ने, गर्दन दुख्ने, ढाड दुख्ने, मुर्छा पर्ने, मिर्गी आउने, माइग्रेन, हात, खुट्टा, जिउ दुखाई हुने एवं झमझम गर्ने, हात, खुट्टा, गर्दन, ढाड, शरीरको नशा च्यापिएको, दिमाग वा मेरूदण्डको सम्पुर्ण समस्या तथा न्यूरो सम्बन्धी सम्पुर्ण समस्या ।


सघन उपचार (ICU) सेवा


नवजात शिशु (NICU) सेवा


बाल सघन (PICU) सेवा


कृतिम स्वास प्रस्वास (Ventilator)


२४ सै घण्टा अप्रेशन सेवा


साधारण तथा वातानुकुलित क्याबिन




**कुनैपनि रोगको सफल उपचार तथा परामर्शको लागि सम्पर्क गनुहोला**

हसनपुर,धनगढी-५, कैलाली, नेपाल

nisargahospitalnepal@gmail.com /nisargahospitalnepal

२४सै घण्टा आकस्मिक सेवा

HELLO 091-526681
EMERGENCY 9865680100
SUPPORT CALL 9804600745


धनगढी पोष्ट दैनिकका लागि कर्ण शाहद्वारा सम्पादित/प्रकाशित, ठेगाना : धनगढी-१ एलएनचौक, फोन ०९१- ५२५७७०, फ्याक्स -५२२४५६,
Email : dhangadhipost@gmail.com, Website:www.dhangadhipostnews.com, मुद्रकः समैजी अफसेट प्रेस बैयाबेहडी, धनगढी, कार्यकारी सम्पादक : हिमाल जोशी